| | |
|---|---|
| कार्यविधि नं. | |

# माण्डवी गाउँपालिका गाउँ प्रहरी व्यवस्थापन कार्यविधि, २०७७

| | |
|---|---|
| गाउँकार्यपालिकाबाट स्वीकृत मिति | २०७७/०७/२७ |

माण्डवी गाउँपालिका

प्यूठान जिल्ला

लुम्बिनी प्रदेश

## माण्डवी गाउँपालिका गाउँ प्रहरी व्यवस्थापन कार्यविधि, २०७७

प्रमाणीकरण मितिः २०७७/०७/२७

स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न उक्त ऐनको दफा ११ को उपदफा २ (क) बमोजिम नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति बनाई गाउँपालिकाको सुरक्षार्थ लगायतका विविध कार्यमा नगर प्रहरी भर्ना गरि कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले माण्डवी गाउँपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः क)यो कार्यविधिको नाम माण्डवी गाउँपालिका गाउँ प्रहरी व्यवस्थापन कार्यविधि २०७७ रहेको छ ।

ख)यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषाः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) " नगर प्रहरी" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) क (१) ले दिएको अधिकार बमोजिम करार वा ज्यालादारीमा नियुक्त भएका व्यक्ती सम्झनुपर्दछ। यसमा बरिष्ठ नगर प्रहरीलाई किटान गरिएको बाहेक सबै प्रावधानहरु समान रुपमा लागु हुनेछन ।

ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनुपर्दछ।

ग) "कार्यक्षेत्र" भन्नाले यस गाउँपालिकाले ओगटेको भु-भाग वा गाउँपालिकाको भित्रि ठाउँ विशेषलाई वडाले ओगटेको भु-भागलाई सम्झनुपर्दछ।

घ) "कार्यालय" भन्नाले माण्डवी गाउँपालिकाको कार्यालय एवम् वडा कार्यालय समेतलाई सम्झनुपर्दछ।

ङ) "तोकिए बमोजिम" भन्नाले माण्डवी गाउँकार्यपालिका एवम् गाउँसभाले तोके बमोजिमका विषयवस्तु एवम सुविधा सम्झनुपर्दछ।

च) "कर्मचारी" भन्नाले गाउँपालिका क्षेत्रभित्र कार्यरत नेपाल सरकार वा स्थानीय सरकारले नियुक्त गरेका सबैखाले कर्मचारी सम्झनुपर्दछ।

छ) "गाउँपालिका" भन्नाले माण्डवी गाउँपालिका सम्झनुपर्दछ।

## परिच्छेद २

### गाउँ प्रहरीको श्रेणी पद र कार्यालय सम्बन्धी व्यवस्था

३.श्रेणी र पदः गाउँ प्रहरी श्रेणी विहिन सरहको कर्मचारी हुनेछ ।

४.पदसँख्या निर्धारणः गाउँ प्रहरीको पदसँख्या गाउँपालिकाको कार्यपालिकाले तोकेबमोजिम हुनेछ। गाउँपालिकामा सुरुको चरणमा ५ जना नगर प्रहरी (वरिष्ठ नगर प्रहरी, नगर प्रहरी र महिला नगर प्रहरी ) गाउँपालिकाको कार्यालयमा रहने गरी छनौट गर्नेछ । साथै आवश्यकता आधारमा वडा कार्यालयमा समेत विस्तार गरिनेछ। आवश्यकता एवम् सँख्या किटानको लागि यस पश्चात एउटा सँगठन व्यवस्थापन सर्वेक्षणका आधारमा गरिनेछ।

## परिच्छेद ३

### पदपुर्ती सम्बन्धी व्यवस्थाः

५. नगर प्रहरीको सेवाको पदपुर्तीः नगर प्रहरीको पदपुर्ती अनुसुची-२ मा तोकिएको योग्यता बमोजिमको नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगिताद्वारा हुनेछ। सम्भव भएसम्म समावेशी तरिकाले माग सँख्याका आधारमा भर्ना गर्नुपर्नेछ ।

६.पदपुर्ती समितिको गठनः क) नगर प्रहरी सेवामा खुल्ला प्रतियोगिताद्वारा छनौट गरी नियुक्तीको लागि कार्यपालिकामा सिफारिश गर्न देहाय बमोजिमको पदपुर्ती समिति गठन हुनेछ।

(१).प्रमुख प्रशासकीय अधिकृतः अध्यक्ष

(२)गाउँकार्यपालिकाका कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुखः सदस्य

(३) प्रहरी वा सुरक्षा कार्यालयको कार्यरत अधिकृत/प्रमुखः विज्ञ-सदस्य

(४)गाउँपालिकाका योजना शाखा प्रमुखः सदस्य

(५) गाउँकार्यपालिका कार्यालयका पाँचौ।छैटौ तहको कर्मचारीः सदस्य-सचिव

आवश्यकताका आधारमा शारिरिक परिक्षणका लागि अन्य नेपाल प्रहरी सेवाका अन्य कर्मचारीहरु खटाउन सकिनेछ।

७.पदपुर्ति समितिको काम कर्तव्य र अधिकारः क)पदपुर्ती समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

- नगर प्रहरीको पाठ्यक्रम निर्धारण गर्नेः यस प्रयोजनको लागि नेपाल प्रहरीमा भर्ना हुने सिपाही सरहको कर्मचारी छनौटको लागि तोकिएको पाठ्यक्रमलाई आधार मानिनेछ ।
- पदपुर्तिको विज्ञापन गर्ने
- परिक्षा सञ्चालन गर्ने र नतिजा प्रकाशन गर्ने
- नियुक्तिको लागि सिफारिश गर्ने

(ख) पदपुर्ती समितिको काम कर्तव्य र अधिकार सम्बन्धमा कुनै प्रकारको अवरोध वा जटिल समस्या आइपरेमा कार्यपालिका समक्ष लिखित रुपमा जानकारी गराई निकास निकालिनेछ।

८.न्युनतम योग्यताः नगर प्रहरी पदमा खुल्ला प्रतियोगिताद्वारा पुर्तिको लागि चाहिने न्युनतम योग्यता अनुसुची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

९.परिक्षा सञ्चालनः (क)पदपुर्ती समितिले कार्यविधिमा तोकिएबमोजिमको परिक्षा सञ्चालन गर्नेछ ।
(ख)उपदफा क बमोजिम परिक्षा सञ्चालन गर्दा हरेक परिक्षाको नतिजा प्रकाशन भए पश्चात क्रमबद्ध ढँगले परिक्षा सञ्चालन हुनेछ ।बैकल्पिक उम्मेदवारहरु सहितको अन्तिम नतिजा गाउँकार्यपालिकाबाट अनुमोदन भएपश्चान नियुक्ती दिइनेछ।
१०.नियुक्ती बदर हुनेः (१)देहायको अवस्थामा नियुक्त गर्ने अधिकारीले नगर प्रहरीको नियुक्ती बदर गर्न सक्नेछः
क)परिक्षण कालमा कार्य सम्पादनमा दक्षता नदेखिएमा वा जिम्मेवारी बहन गर्न असक्षम देखिएमा वा तोकिए बमोजिम आचरण सन्तोषजनक नदेखिएमा ।
ख)नगर प्रहरीले कुनै पनि जघन्य खालको अपराध गरेको भनि तत्काल सवुत प्रमाण सहित फेला पारेमा निजको नियुक्ती स्वतः बदर हुनेछ।

## परिच्छेद ४
## गाउँपालिका नगर प्रहरीको काम, कर्तव्य र अधिकार

११.नगर प्रहरीको काम कर्तव्य र अधिकारः
क)गाउँपालिका नगर प्रहरीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
(१) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक सम्पत्ती जस्तै बाटो, ढल, पाटी-पौवा, मठ मन्दिर, पेटी, चौर आदिको हानी नोक्सानी हुन नदिन नियमित रुपमा रेखदेख र सुरक्षाको व्यवस्था गर्ने र सोको जानकारी गाउँपालिका प्रशासनलाई गराउने ।
(२) सडे गलेका र वासी खानेकुराहरु विक्री गरेको फेला परेमा प्रारम्भिक कार्यवाही चलाउने ।
(३)चुङ्गिकर छली ल्याएको, इजाजत वेगर पेशा व्यावसाय गरेको तथा विज्ञापन गरेको भेटिएमा आवश्यक कार्यवाहीको लागि सम्बन्धित वडा कार्यालयलाई जानकारी गराउने ।

(४)घर बहाल कर लगायत अन्य कर उठाउने कार्यमा सहयोग गर्ने ।
(५)सार्वजनिक आवागमनमा बाधा पुर्याउने गरी थुपारेका निर्माण सामग्रीहरु हटाउन लगाउने ।
(६) विना इजाजत घर निर्माण कार्य भएको भेटिएमा रोक्का गरी सम्बन्धित वडा कार्यालय मार्फत कारवाही चलाउने व्यवस्था मिलाउने ।
(७)गाउँपालिका ऐन नियम र आदेशको बर्खिलाप गर्ने मानिसलाई सो नगर्न अनुरोध गर्ने र नमानेमा आवश्यक कारवाहीको लागि कार्यालयमा पेश गर्ने ।
(८)गाउँपालिकाको सम्पत्तिको रेखदेखमा सहयोग पुर्याउने ।
(९)कार्यालयको अत्यन्त जरुरी पत्र बुझाउने कार्यमा सहयोग गर्ने ।
(१०) बिना इजाजत जथाभावी बसोबास गर्ने, टहरा, छाप्रा आदि आदेशानुसार हटाउने कार्यमा सहयोग गर्ने ।
(११)आफु खटिएको कार्यालयको निर्देशानुसा भैपरी आउने अन्य कार्यहरु गर्ने ।
१२ गाउँपालिकाको सहरी क्षेत्रबाट निस्कासन भएको फोहोर मैला व्यबस्थापनमा सहयोग गर्ने जथाभावि फोहोरमैला गर्नेलाइ कानुनी कारवाही गर्न गाउँपालिकामा सिफारिस गर्ने
१३ गाउँपालिकाका प्राकृतिक श्रोत साधनहरु वन जगल खोला नाला ताल तलैयाहरुको सरक्षण सुरक्षा र रेखदेख गर्ने

## परिच्छेद ५
## विदा एवम् पारिश्रमीक सम्बन्धी व्यवस्थाः

१२. विदा सम्बन्धि व्यवस्थाः अन्य करारमा कार्यरत कर्मचारीहरु सरह विदाको साथै कार्यपालिकाले तोकेबमोजिमका विदाहरु गाउँ प्रहरीले पाउनेछन् ।
१३.पारिश्रमिक सम्बन्धी व्यवस्थाः नगर प्रहरीहरुको पारिश्रमिक माण्डवी गाउँ कार्यपालिकाले तोकेबमोजिम पारिश्रमिक पाउनेछन् । अन्य सेवा सुविधा कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ६
## विविध

१४.पोशाकः (क)नगर प्रहरीको पोशाक गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।
(ख) उपदफा (क) बमोजिम पोशाकको व्यवस्था गर्दा नेपालको संविधानको प्रतिकुल हुने खालको पोशाकको व्यवस्था गर्न पाइने छैन ।
(ग) गाउँपालिकाको कार्यालयले पोशाक खर्च बापत नगर प्रहरीलाई तोकिएबमोजिम पोशाक भत्ता उपलब्ध गराउन सक्नेछ ।
१५. ऐन नियमको पालनाः गाउँपालिकाको कार्यालयले यस कार्यविधि अनुसार करार सेवामा नियुक्त भएका नगर प्रहरीसँग सम्बन्धि दण्ड सजाय एवम् पुरस्कारको लागि कारवाही गर्दा नेपालको संविधानको साथै देशमा विद्यमान रहेका ऐन नियममा रहेका प्रावधानहरुको अवलम्बन गरी आवश्यक काम कारवाही गर्नेछ।

१६. ज्यालादारी व्यवस्थाः (क) गाउँपालिकाले आफ्नो भौगोलिक कार्यक्षेत्रको सुरक्षा वा मेला चाडपर्व जस्ता अन्य कार्यको लागि अत्यावश्यक लागेमा दैनिक ज्यालादारीमा समेत नगर प्रहरीको व्यवस्थापन गर्नेछ।

(ख)उपदफा क बमोजिम प्रहरीको नियुक्ती र पारिश्रमिक तोक्ने कार्य गाउँपालिका अध्यक्षबाट अनुमती लीई प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

(ग) उपदफा क बमोजिम नियुक्त भएको प्रहरीको अभिलेख राख्ने, कार्य सम्पादन गर्न लगाउने, अनुगमन गर्ने र हाजिरी प्रमाणित गर्ने कार्य गाउँपालिका प्रशासन वा तोकिएको वडा कार्यालयले गर्नेछ ।

(घ) ज्यालादारीमा खटिएका नगर प्रहरीको पारिश्रमिक नेपाल सरकारले अदक्ष कामदारको लागि तोकेको न्युनतम दैनिक ज्यालादर भन्दा कम नहुने गरी दिइनेछ ।

१७. प्रशासनिक व्यवस्थापनः यस कार्यविधि अनुसार नियुक्त गरिएका सम्पुर्ण गाउँपालिका प्रहरीहरुको प्रशासनिक व्यवस्थापन गर्ने कार्य गाउँपालिका कार्यालयको प्रशासन शाखा वा तहाँबाट व्यवस्था भएबमोजिम हुनेछ ।

१८.अन्य व्यवस्थाः यस कार्यविधिमा छुटेका वा नयाँ विषय उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय लिन सक्नेछ।

**अनुसुची - १**

**करार सम्झौताको नमुना फाराम**

**करार सेवा सम्भौता पत्र**

**माण्डवी** गाउँकार्यपालिकाको कार्यालय र जिल्ला प्यूठान, माण्डवी गाउँपालिका, वडा नं. ..... बस्ने श्री ................................ बिच भएको सेवा करार लिने दिने सम्बन्धिको करार पत्र ।

माण्डवी गाउँकार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र जिल्ला प्यूठान माण्डवी गाउँपालिका, वडा नं. ..... बस्ने ................................... को छोरा/छोरी बर्ष ....... को श्री.......................... (यस पछि दोस्रो पक्ष भनिने) का बिच माण्डवी गाउँपालिका भित्र सुरक्षा र रेखदेख कार्यको लागि गाउँपालिका पदमा सेवा करारमा लिने दिने कार्यको लागि देहायको शर्तहरुको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उप्लब्ध गराउन मन्जुर भई करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझी लियौं दियौं ।

१. यो करारनामाको अवधि मिति २०७७ .... गतेबाट २०७७... गतेसम्म जम्मा ६ महिनाको परिक्षण कालको हुनेछ ।

२. सेवा गरे बापत महिना भुक्तानी भए पछि मासिक पारिश्रमिक बापत रु. ..................... (अक्षरुपी ..........................................) प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउने छ ।

३. कुनै कारणवश दोश्रो पक्षले आफुले गर्दै आएको सेवा कार्य त्यागी राजिनामा दिन चाहेमा वा करार भंग गर्न चाहेमा १ महिना अघि नै प्रथम पक्षलाई लिखित जानकारी वा राजिनामा दिनु पर्नेछ । अन्यथा दोश्रो पक्षले १ महिनाको पारिश्रमिक बराबरको रकम प्रथम पक्षलाई बुझाउनु पर्ने छ ।

४. दोश्रो पक्षले सेवा त्याग गर्दा आफुसंग रहेको जिन्सी सामान र तिर्नु पर्ने बाँकी बुझाई फरफारक गर्नु पर्नेछ र सो बमोजिम नभएमा प्रथम पक्षले दोश्रो पक्षलाई नियमानुसार कारवाही गर्नेछ ।

५. दोश्रो पक्षले यस करारपत्रका साथ संलग्न कार्यविवरण अनुसारको काम, कर्तव्य र अधिकार सम्बन्धि जिम्मेवारीमा कुनै प्रकारको ढिलासुस्ती, लापरवाही गरेमा वा कुनै पनि तोकिएको काम समयमा जिम्मेवारी पुर्वक पुरा नगरेमा वा दोश्रो पक्षको काम पहिलो पक्षलाई सन्तोषजनक नलागेमा पहिलो पक्षले कुनै पनि समय करार भंग गर्न वा काम नभएको अवधीको सुविधा कट्टा गर्न सक्नेछ ।

६. दोश्रो पक्षले गैह्रजिम्मेवारी ढंगले काम गरी पहिलो पक्षलाई हानी नोक्सानी पुर्‍याएमा पहिलो पक्षले तोके बमोजिमको हानी नोक्सानीको रकम हर्जाना स्वरुप दोश्रो पक्षले पहिलो पक्षलाई बुझाउनुपर्नेछ ।

७. दोश्रो पक्षले करार तथा संलग्न अनुसारको काम, कर्तव्य र अधिकार अनुसार काम गर्दा पाउने विदा तथा अन्य सुविधाहरु गाउँपालिका नगर प्रहरी ब्यबस्थापन कार्यबिधि ,२०७७ मा व्यवस्था भए बमोजिम प्राप्त गर्न सक्नेछ ।

८. दोश्रो पक्षको कार्य पहिलो पक्षलाई सन्तोषजनक लागेमा पहिलो पक्षले दोश्रो पक्ष संगको करार नियुक्ति सदर गरी अवधि थप गर्न सक्नेछ ।

९. प्रथम पक्षले दोश्रो पक्षलाई पोशाक खर्च उपलब्ध गराउने छ ।

१०. यस करारनामामा हस्ताक्षर गर्ने दुवै पक्षको पुरा विवरण एवं हस्ताक्षर निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| पहिलो पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
| हस्ताक्षर : ........................... | हस्ताक्षर ...................... |
| नाम थर :.......................... | नाम थर .................... |
| दर्जा : प्रमुख प्रशासकीय अधिकृत | माण्डवी गा.पा. वडा नं..... |
| कार्यालयको छाप | |

इति सम्वत् २०७७ साल .......... महिना ........ गते ................ रोज ........ शुभम्।

## अनुसुची - २

**<u>गाउँपालिका नगर प्रहरीको लागि चाहिने न्युनतम योग्यता</u>)**

(क) गाउँपालिका बरिष्ठ नगर प्रहरी र नगर प्रहरीको लागि चाहिने न्युनतम योग्यता निम्नानुसार रहेको छ।

१) नेपाली नागरिकता भएको।

२) १८ बर्ष पूरा भई ३० बर्ष ननाघेको। (महिलाको हकमा ३५ बर्ष ननाघेको)

३) कम्तीमा  ८ कक्षा उतिर्ण भएको।

४) पुरुषको हकमा शरीरको उंचाई घटीमा ५ फिट २ ईन्च र वजन घटीमा ४८ के. जी. हुनुपर्ने। (महिलाको हकमा शरीरको उंचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के. जी. हुनुपर्ने)

५) कुनै प्रकारको गैर कानुनी कार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने।

६) शारिरीक रुपमा स्वस्थ्य रहेको/काम गर्न सक्ने प्रमाणित भएको।

माथि उल्लेख भए बमोजिम क्रमागत रुपमा १ नं मा सफल हुने उम्मेदवार वरिष्ठ नगर प्रहरी र २ नं मा सफल हुने उम्मेदवार लगायत महिला सफल उम्मेदवार नगर प्रहरी हुनेछन्।

**अनुसुची - ३**
**माण्डवी गाँउपालिका**
**गाँउकार्यपालिकाको कार्यालय जस्पुर, प्यूठान**
**<u>दरखास्त फारामको नमुना</u>**

| पासपोर्ट साईजको फोटो |
|---|
| |

नियुक्त हुन चाहेको पद :
विज्ञापन नम्बर :
आवेदन पेश गरेको कार्यालय :
व्यक्तिगत विवरण :
नाम थर :
जन्म मिति :
स्थायी ठेगाना :
बाबुको नाम :
हजुर बाबाको नाम :
आमाको नामः
पेशा :
विवाहित वा अविवाहित :
शैक्षिक योग्यता : ................. उतिर्ण
नागरिकता नम्बर :
नागरिकता जारी भएको मिति/जिल्ला :
संलग्न गरेको प्रमाण पत्रको प्रतिलिपीहरु :
१.
२.
३.
.....
......

| औंठा छाप | |
|---|---|
| | |
| दांया | बांया |

माथी उल्लेख गरेका र संलग्न गरेका जानकारी एवं कागजातहरु सही सांचो हुन । फरक परे कानुन बमोजिम सहुँला बुझुँला ।
मितिः
निवेदकको हस्ताक्षरः

**अनुसुची - ४**

**<u>प्रवेश पत्रको नमुना</u>**

**परिक्षा प्रवेश पत्र**

पासपोर्ट साईजको फोटो

नियुक्त हुन चाहेको पद :
विज्ञापन नम्बर :
विज्ञापन मिति :
दर्ता नम्बर :
नाम थर :
श्रेणी, तह :
उम्मेदवारको दस्तखत नमुना :
सम्बन्धित कर्मचारीले भर्ने :
यस कार्यालयबाट लिइने उक्त पदको परिक्षामा तंपाईलाई संलग्न हुन अनुमती दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगने ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमती रद्ध हुन सक्नेछ।
मिति : .........................
अधिकृतको दस्तखत

..........................................................................................................................................................

**परिक्षा प्रवेश पत्र**

पासपोर्ट साईजको फोटो

नियुक्त हुन चाहेको पद :
विज्ञापन नम्बर :
विज्ञापन मिति :
दर्ता नम्बर :
नाम थर :
श्रेणी, तह :
उम्मेदवारको दस्तखत नमुना :
सम्बन्धित कर्मचारीले भर्ने :
यस कार्यालयबाट लिइने उक्त पदको परिक्षामा तंपाईलाई संलग्न हुन अनुमती दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगने ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमती रद्ध हुन सक्नेछ।
मिति : .........................                                        अधिकृतको दस्तखत

**अनुसुची - ५**

**<u>नगर प्रहरीमा हुनुपर्ने आचरण</u>**

**(नियम १६ को उपनियम (क) संग सम्बन्धित)**

गाउँपालिका नगर प्रहरीमा हुनुपर्ने आचरण देहाय अनसार रहेका छन ।

१. कुनै प्रकारको कुलतमा परेको नहुनु पर्ने,

२. सरल, ईमान्दार र सहयोग गर्न तत्पर हुनु पर्ने,

३. कुनै राजनैतिक पार्टीको सदस्य नहुनु पर्ने,

४. कुनै प्रकारको अपराधिक गिरोहमा आवद्ध नहुनु पर्ने,

५. कुनै प्रकारको फौज्दारी अभियोग नलागेको हुनु पर्ने,

६. डयुटीमा खटिएको समयमा कुनै प्रकारको मादकपदार्थ सेवन गर्न नहुने र

७. डयुटीमा खटिएको समयमा कोही व्यक्ति संग झगडा एवं रिसराग गर्न नहुने ।

## अनुसुची ६
## परिक्षाको किसिम र कुल अँक

**१.प्रारम्भिक शारिरिक छनौटः** सामान्य शारिरिक परिक्षण ।

**२.शारिरक क्षमताको जाँचः** कुल १०० अङ्क ।
क)दौडः **५०** अङ्क
ख)पुस अपः १० अङ्क
ग)चिन अपः १० अङ्क
घ)सिट अपः १० अङ्क
ङ)हाई जम्पः १० अङ्क
च)लङ्ग जम्पः १० अङ्क

**३.लिखित परिक्षाः ५०** अङ्क

क) बस्तुगतः ४२
ख) लेखन सिपः ३*२=६

**४.अन्तर्वार्ताः** १० अङ्क

**५.शैक्षिक योग्यता वापतको अङ्कः** अधिकतम ४ अङ्क
दश कक्षा पास भएमा थप १ अङ्क
दश जोड दुइ पास भएमा थप १ अङ्क
स्नातक पास भएमा थप एक १ अङ्क

**६.पुर्व म्यादी प्रहरीलाई** थप १ अङ्क

**द्रस्टव्यः**

- परिक्षामा सामेल हुने परिक्षार्थीहरु क्रमश एक चर  णमा पास भएपछी मात्र अर्को चरणमा जान पाइनेछ। र माथी उल्लेखित परिक्षाका चरणहरु यसै बमोजिम चरणबद्ध रुपमा सञ्चालन गरिनेछ।
- लिखित परिक्षामा सोधिने प्रश्नहरु नेपाल प्रहरीको जवान भर्ना गरिँदा लिने लोक सेवा आयोगले तय गरेको पाठ्यक्रममा आधारित भएर गरिनेछ ।